सुदूरपश्चिम प्रदेश सरकार
# भौतिक पूर्वाधार विकास मन्त्रालय
## यातायात पूर्वाधार निर्देशनालय
# पूर्वाधार विकास कार्यालय बझाङ

प.सं. २०८२/०८३ मिति-२०८३/०१/०४

**<u>बिषयः सडक मर्मत-सम्भार समूह गठनको सूचना</u>**

प्रथम पटक प्रकाशित मितिः २०८३/०१/०४

पूर्वाधार विकास कार्यालय, बझाङले मौरीबगर-चौधारी-छबिसपाथिभेरा सडक, बझाङको मर्मत-सम्भारका लागि सडक मर्मत-सम्भार समूह (RMG) गठन गर्न चाहेको छ। सडक मर्मत-सम्भार समूह गठन गर्न निम्न संख्यामा मर्मत-सम्भार कामदारहरु आवश्यक रहेको छ।

| क्र.सं. | सुरु बिन्दु | अन्तिम बिन्दु | लम्बाई | कामदारको संख्या |
|---|---|---|---|---|
| १ | Ch 0+000 | Ch ४+000 | ४ किमि | २ |
| जम्मा | | | | |

सडक मर्मत-सम्भार समूहका सदस्यहरुले सडकलाई राम्रो अवस्थामा राख्न, आधारभूत सरसफाई कार्यका साथै स-साना मर्मतका लागि संगसंगै काम गर्नु पर्नेछ। मर्मत कार्य पूर्ण समय र एक वर्षको अवधिका लागि हुनेछ। सडक मर्मत- सम्भार समूहलाई तोकिएको सडकखण्ड राम्रो अवस्थामा छ भने निश्चित मासिक रकम ने.रु. २५२२०। भुक्तानी गरिनेछ। यदि सडकको केहि खण्डहरु राम्रो अवस्थामा छैन भने मासिक भुक्तानीमा कटौती लागु हुनेछ।

सडक मर्मत-सम्भार समूहका सदस्यहरुको चयन निम्न मापदण्ड अनुसार हुनेछ। यो सूचित गरिन्छ कि सडक मर्मत कार्यमा पुर्व अनुभवको अनिवार्यता छैन, तर चयन प्रक्रियामा प्राथमिकतामा राखिनेछ। त्यस्तै मर्मत-सम्भार कर्ताहरुको छनौटमा औपचारिक शिक्षाको अनिवार्यता छैन तर चयन प्रक्रियामा प्राथमिकतामा राखिनेछ।

| प्राविधिक मापदण्डहरु |
|---|
| • चयन हुने मर्मत-सम्भार कामदारहरु १८ देखि ६० वर्ष भित्रको हुनु पर्नेछ। |
| • चयन हुने मर्मत-सम्भार कामदारहरु काम गर्नका लागि शारीरिक तथा मानसिक रुपमा सक्षम हुनु पर्नेछ। |
| • चयन हुने मर्मत-सम्भार कामदारहरु सडकको नजिक बसोवास गरेको हुनु पर्नेछ। यदि सडक नजिकै मर्मतसम्भार कामदार उपलब्ध छैनन् भने, तिनीहरूलाई छेउछाउको सडक खण्डबाट छनोट गर्नुपर्छ। |
| **सामाजिक मापदण्डहरु** |
| • चयन हुने मर्मत-सम्भार कामदारहरु बेरोजगार वा बर्षमा २५% भन्दा कम समय कार्यरत हुनु पर्नेछ। |
| • चयन हुने मर्मत-सम्भार कामदारहरु गरिब परिवारवाट हुनु पर्नेछ। |
| • महिला उमेदवारलाई प्राथमिकता दिईनेछ। कम्तिमा पनि ५० %चयन हुने कामदारहरु महिला हुनु पर्नेछ । सम्भव भएको ठाउँमा सम्पूर्ण कामदारहरु महिला हुन सक्नेछन्। |
| • कम्तिमा ४० %मर्मत-सम्भार कामदारहरु दलित वा जनजाति हुनु पर्नेछ वा अन्य बहिष्कृत र वन्चित समूहवाट हुनु पर्नेछ। |

थप जानकारीका लागि दुर्गाथली गाउँपालिकाको कार्यालय वा पूर्वाधार विकास कार्यालय, बझाङमा सम्पर्क गर्न सक्नु हुनेछ। इच्छुक उमेद्वारहरुले दुर्गाथली गाउँपालिकाको कार्यालय वा पूर्वाधार विकास कार्यालय बझाङमा सम्पर्क गरी आवेदन फारम भरी मिति २०८३/०१/२१ सम्म पेश गर्नु पर्नेछ। आवेदन फारम पेश गर्ने अन्तिम दिनको सात दिन भित्र आवेदनहरुको मूल्यांकन गरी सम्भारकर्ताको छनौट गरिनेछ।

कार्यालय प्रमुख

फोन नं. ०९२-४२१०५३ Email : ido.bajhang@gmail.com, Website- idobajhang.sudurpashchim.gov.np

कार्यालय प्रमुख

## सडक मर्मत-सम्भार समूह निबेदन फारम

| सडक मर्मत-सम्भार समूह निबेदन फारम | | | सिफारिस कर्ता |
|---|---|---|---|
| १.नाम | ........................................ | | |
| २. थर | ........................................ | | |
| ३.परिचयपत्र | ........................................ | | |
| ४.उमेर | ........................................ | | |
| ५. ठेगाना | ........................................ | | |
| ६.लिङ्ग | ☐ पुरुष ☐ महिला | | |
| ७.जात/जाती | ☐ दलित ☐ जनजाती ☐ मुस्लिम ☐ मधेसी ☐ अन्य | | सम्वन्धित वडा/पालिका |
| ८.निवेदकको हालको आम्दानीको श्रोत के छ ? | ☐ केहि छैन<br>☐ अस्थाई (ज्यालादारी)<br>☐ स्थाई (कृषि पेशा, स्थाई रोजगार) | | सम्वन्धित वडा/पालिका |
| ९.निवेदकको आफ्नै कुनै सम्पति छ ? | ☐ केहि छैन<br>☐ कृषि जमिन<br>☐ घर<br>☐ पसल अथवा अन्य ब्यवसायिक स्थान | | सम्वन्धित वडा/पालिका |
| १०.निवेदकमा आश्रित परिवार संख्या कति छ ? | ☐ ०-३ ☐ ४-६ ☐ ६ भन्दा बढी | | सम्वन्धित वडा/पालिका |
| ११.निवेदकले पढ्न लेख्न सक्छ ? | ☐ सक्छ ☐ सक्दैन | | सम्वन्धित वडा/पालिका |
| १२.निवेदकको कार्यानुभव | ☐ निर्माण क्षेत्र<br>☐ कृषि क्षेत्र<br>☐ ब्यापारिक क्षेत्र<br>☐ अन्य क्षेत्र | | अनुभव प्रमाणपत्र |
| १३.निवेदकले सडकमा काम गरेको अनुभव छ ? यदि छ भने कुन प्रकारको काम ? | ☐ छ | ☐ छैन | अनुभव प्रमाणपत्र |
| १४.निवेदकले कुनै टीम वा समुहको सदस्य भएर कुनै काम गरेको छ ?<br>यदि छ भने कुन प्रकारको काम ? | ☐ छ | ☐ छैन | अनुभव प्रमाणपत्र |
| १५.निवेदकले कुनै नेतृत्वदायी भूमिकामा रही कार्य गरेको छ ? यदि भएमा कुन प्रकारको ? | ☐ छ | ☐ छैन | अनुभव प्रमाणपत्र |

**सम्बन्धित वडा कार्यालयको सिफारिस**

श्री ..........................................................नगरपालिका/गाउँपालिका वडा नं...... का स्थायी बासिन्दा हुन् र निबेदकको सि.नं. ७,८,९ र १० मा उल्लेख गरिएको व्यहोरा ठीक साँचो भएको प्रमाणित गरी सिफारिस गर्दछु ।

निबेदकको
नाम,थर.........
दस्तखत.....
मितिः...

सिफारिस कर्ताको
नाम,थर.........
दस्तखत.....
मितिः...

**नोटः** निबेदकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र सि.नं.११,१२,१३,१४, र १५ माग गरिएका अनुभव प्रमाणपत्र उपलब्ध भए अनिवार्य निबेदनसाथ पेश गर्नुपर्नेछ ।

प्रत्येक सि.नं. मा टिक लगाउदा कुनै एउटा कोठामा मात्र टिक लगाउनु पर्नेछ । एकभन्दा बढि कोठामा टिक लगाएको वा केरमेट गरेको निबेदन फाराम मूल्यांकनमा समाबेश गरिने छैन ।